# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ५ संख्या :८ असार १३, २०८२

## भाग-३

## <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०३/१२ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गाउँ सभाको १७औं अधिवेशनको चौथो बैठकको कार्यसूची तपशिल बमोजिम रहेको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।<br>**चौथो बैठकको कार्यसूची**<br>१. आर्थिक विधेयक,२०८२ छलफल तथा स्वीकृत गर्ने ।<br>२. विनियोजन विधेयक,२०८२ छलफल तथा स्वीकृत गर्ने ।<br>३. आ.व.२०८२/०८३ को बजेट तथा कार्यक्रम छलफल तथा स्वीकृत गर्ने ।<br>४. न्यायीक समितिको प्रगति प्रतिवेदन पेश तथा स्वीकृत गर्ने ।<br>५. गाउँ कार्यपालिकाको हालसम्मका बैठकका निर्णयहरु अनुमोदन गर्ने ।<br>६. गाउँपालिकाको वित्तिय विवरण सभासमक्ष पेश गर्ने ।<br>७. आ.व.२०८०/०८१ को बेरुजुको विवरण सभासमक्ष पेश गर्ने ।<br>८. गाउँपालिकाको समसामयीक विषय बस्तुमा छलफल गर्न शुन्य समयको व्यवस्था गर्ने । |
| ३ | पोषण मैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाका लागि आवश्यक प्रक्रियाहरु पुरा गर्न सहजिकरण गर्ने निर्णय गरियो । |
| ४ | गुल्मीदरबार गाउँपालिकाको तेस्रो चौमासिकसम्म भएगरेका गतिविधिहरुको सार्वजनिक सुनुवाई कार्यक्रम गुल्मीदरबार गाउँपालिका वडा नं. ३ को म्यालपोखरीमा रहेको सभाहलमा मिति २०८२/०३/२७ गते अपरान्ह १.०० बजे गर्ने निर्णय गरियो । |
| ५ | भूमिहिन सुकुम्वासी र दलितले पेश गरेका निवेदनहरुको दावीबिरोधको लागि ७ दिनको सूचना वडा कार्यालयबाट प्रकाशन गर्ने र अव्यवस्थित बसोबासीले पेश गरेका निवेदनहरुको दावी विरोधका लागि १५ दिनको सूचना वडा कार्यालयबाट प्रकाशन गर्ने । गाउँपालिकाको सहजिकरण समिति यथासिघ्र गठन गर्ने । गुल्मीदरबारमा सम्पूर्ण ग्रामीण बस्ती रहेको हुँदा ग्रामीण बस्ति सिफारिस गर्ने निर्णय गरियो । |
| ६ | गुल्मीदरबार गाउँपालिकाको आ.व.२०८२/०८३ को बजेट बक्तव्य र बजेटको अनुसूचीमा रकमको अंक फरक परेको हुँदा फरक परेको शिर्षकमा सशोंधन प्रस्ताव गाउँ सभामा राख्न लगाउने निर्णय गरियो । |
| ७ | गुल्मीदरबार गाउँपालिका वडा नं. ४ निवासी अन्तराष्ट्रिय कराँते खेलाडी गिता पुवारे मित्रराष्ट्र श्रीलंकमा हुने ६८ के.जि. तौल समूहको कराँते खेलको लागि छनौट भएको हुँदा निजलाई सहयोग तथा सम्मान स्वरुप आर्थिक सहयोग रु.३००००।–उपलब्ध गराउने निर्णय गरियो । |
| ८ | गुल्मीदरबार गाउँपालिका तथा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई विपक्षी बनाई उच्च अदालत तुल्सीपुर बुटवल इजलासमा दर्ता भएको सम्वत २०८१ को मुद्दा नं. ०८१-Wo-०२९६ को उत्प्रेषण र परमादेश मुद्दामा गुल्मीदरबार गाउँपालिका र यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको तर्फबाट पुर्पक्ष गर्ने,पेशी छलफलमा भाग लिन, लिखित जवाफ पेश गर्ने, वहश गर्ने, कानून व्यवसायी मुकरर गर्ने, वारेस तोक्ने, लगायतका मुद्दा सम्बन्धी सम्पूर्ण कामहरु गर्न यस गुल्मीदरबार गाउँपालिकाका कानूनी सल्लाहकार अधिवक्ता श्री हरि प्रसाद अर्याललाई अख्तियारिनामा दिने निर्णय गरियो । |

| | |
|---|---|
| ९ | गुल्मीदरबार गाउँपालिका बुटवल तम्घास सडकको गौंडाकोट बजारमा रहेको हुँदा धेरै संघ, प्रदेश र स्थानीय तहहरुका अतिथिहरुको आवागमन हुने गर्दछ । यसरी अतिथिहरुको आवागमन हुँदा विभिन्न समायमा चिया, खाजा, खान तथा आवास समेत व्यवस्थापन गर्नु पर्ने साथै बाहिरबाट आएका अतिथिलाई सदरमुकाम तम्घास तथा बुटवलमा समेत विभिन्न सरोकारवाला अतिथिलाई सत्कारमा खर्च गर्नु पर्ने देखिएकोले । यसरी विभिन्न समय तथा स्थानमा भएको अतिथि स्वागत एवं सत्कारमा भएको खर्च लेख्दा पुष्टयाई हुने खालका कागजात समावेश गर्न नसकिने हुँदा सो वापत विभिन्न स्थान तथा मितिमा भएको एकमुष्ठ खर्च रु.६,५८,०६२।–(छ लाख अन्ठाउन्न हजार बैसठ्ठी रुपैयाँ मात्र) विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो । |
| १० | गुल्मीदरबार गाउँपालिका गाउँ कार्यापालिकाबाट आ.व.२०८१/०८२ को हालसम्म भएका सम्पूर्ण निर्णयहरु, न्यायीक समितिको प्रतिवेदन अनुमोदनकालागि गाउँ सभाको १७औं अधिवेशनको चौथो बैठकमा पेश गर्ने निर्णय गरियो । |
| ११ | विविध निर्णयहरु<br>➢ गुल्मीदरबार गाउँपालिकाका कार्यालय सहयोगी टोपलाल ज्ञवाली मुटूसम्बन्धी बिरामी भै शहिद गंगालाल हृदयरोग केन्द्रमा उपचार गरी धेरै खर्च भैको हुँदा निजलाई औषधी उपचार वापत रु.७००००।–औषधी उपचार खर्च शिर्षकबाट उपलब्ध गराउने ।<br>➢ गुल्मीदरबार गाउँपालिकाका कार्यालय सहयोगी चोलाकान्त पौडेलको श्रीमती क्यान्सर सम्बन्धी रोग लागि उपचारको लागि धेरै खर्च भएको हुँदा निज चोलाकान्त पौडेललाई रु.५००००।– औषधी उपचार खर्च शिर्षकबाट उपलब्ध गराउने ।<br>➢ गाउँपालिकामा हाल दुईवटा ४ पाङ्ग्रे गाडीहरु रहे पनि एउटा गाडी पुरानो भएर बिग्रेको र अर्को एउटा गाडी मात्र भएको हुँदा योजना अनुगमन, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा औषधी फर्निचर लगायतका सामाग्रीहरु ढुवानी गर्न र वडाका विभिन्न कार्यक्रममा सहभागी हुनको लागि अर्को एउटा गाडीको आवश्यकता रहेको हुँदा डवलक्याव स्कारपियो गाडी एक वर्षको लागि भाडामा लिनको लागि आ.व.२०८२/०८३ को लागि सभा समक्ष पेश भएको बजेट तथा कार्यक्रम बमोजिम तपशिलका शर्त सहित सूचना प्रकाशन गर्ने ।<br>**तपशिलः**<br>• मासिक अधिकत रु.१०००००।– हुने<br>• सर्भिसिङ्गको लागि मासिक रु.१००००।–का दरले वार्षिक रु.१२००००।–सम्म हुने .<br>• आवश्यकता अनुसार टायर बढीमा ५ वटासम्म वर्षभरिमा उपलब्ध गराउने ।<br>• गाडी २१ मोडल वा सो भन्दा नयाँ हुनु पर्ने । |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत